नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा विभाग

शिक्षा विकास तथा समन्वय एकाइ

कास्की

सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) बमोजिम शिक्षा विकास तथा समन्वय एकाइ कास्कीबाट २०८३ साल श्रावण, भाद्र र आश्विन महिनामा सम्पादित कार्यहरुको स्वत: प्रकाशित विवरण

(Pro-Active Disclosure)

मिति: २०८३ साल कार्तिक ०९ गते

शिक्षा विकास तथा समन्वय एकाइ, कास्की

आ. व. २०८३।०८४ पहिलो त्रैमासिक) स्वतः प्रकाशन

(सूचनाको हक ऐन, २०६४ को दफा ५ अनुसार)

कार्यालयको नाम: शिक्षा विकास तथा समन्वय एकाइ, कास्की

कार्यालयको ठगाना: पोखरा महानगरपालिका, वडा नं १, बगर कास्की

सम्पर्क नम्बर: ०६१५७१०९७, ५७०१४७

इमेल/वेबसाइट/फेसबुक पेज: deokaski123@gmail.com, kaski.edcu.gov.np, EDCU, KASKI

प्रकाशन अवधि (त्रैमासिक): २०८३ साउन देखि २०८३ असोज सम्म

प्रकाशन मिति: २०८३।०७।०९

---

१. कार्यालयको परिचय तथा कार्यक्षेत्र

शिक्षा विकास तथा समन्वय एकाइ (EDCU) संघीय सरकारको जिल्ला स्तरीय संरचना हो, यसले संघीय, प्रादेशिक र स्थानीय तहबीच समन्वय गर्ने काम गर्दछ। प्रमुख कार्यहरुमा विद्यालय शिक्षाको नियमन शिक्षक व्यवस्थापन, परीक्षा सहजीकरण र छात्रवृत्ति कार्यक्रमहरुको कार्यान्वयन पर्दछन ।

क) संघीय शिक्षा कानुन, नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपको प्रबोधिकरण र कार्यान्वयन गर्ने

ख) संघीय, प्रदेश र स्थानीय तहका सरकारहरुसँग शिक्षा सम्बन्धि कार्यहरुमा समन्वय गर्ने

ग) शिक्षकहरुको नियुक्ति, सरुवा,बढुवा अवकाश व्यवस्थापन कार्य गर्ने

घ) निवृत शिक्षकहरुको निवृत्तिभरण (पेन्सन) उपदान सम्बन्धि कार्यको सहजीकरण कार्य गर्ने

ङ) माध्यमिक शिक्षा परीक्षा (SEE) लगायतका जिल्ला स्तरीय परीक्षा सञ्चालन र व्यवस्थापनमा सहयोग तथा अनुगमन गर्ने

च) शैक्षिक प्रमाणपत्रहरुमा नाम,थर, उमेर र हिज्जे संशोधनका लागि सिफारिस गर्ने वा आवश्यक कार्य सम्पादन गर्ने कार्य र द्वन्द्वपिडीत छात्रवृत्ति कार्यक्रमहरुको व्यवस्थापन तथा वितरण गर्ने कार्य

छ) विद्यालयहरुको शैक्षिक गुणस्तर, पाठ्यपुस्तक उपलब्धता र प्रारम्भिक बालविकास कार्यक्रमहरुको अनुगमन गर्ने कार्य

ज) जिल्ला भित्रका सामुदायिक, संस्थागत र धार्मिक विद्यालयहरुको विवरण संकलन गरी एकिकृत तथ्यांक व्यवस्थापन (IEMIS) मा अद्यावधिक गर्ने कार्य

झ) विद्यार्थी तथा विद्यालयको व्यक्तिगत सुचना अद्यावधिक, संरक्षण र नियमन गर्ने कार्य

ञ) शिक्षा तथा खेलकूद मन्त्रालय र शिक्षा विभागले तोकेका अन्य कार्य

२. उद्देश्य, कार्य तथा अधिकार

- शिक्षा सम्बन्धी नीति, ऐन, नियम तथा निर्देशिका कार्यान्वयनमा समन्वय
- विद्यालय शिक्षा सम्बन्धी कार्यक्रमको अनुगमन तथा मुल्यांकन
- शिक्षक व्यवस्थापन, तालिम तथा क्षमता विकासमा सहजीकरण
- शैक्षिक तथ्यांक संकलन तथा प्रतिवेदन
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय

३. संगठन संरचना तथा कर्मचारी विवरण

३.१ संगठन संरचना

- प्रमुखः शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख
- शाखाहरूः योजना तथा कार्यक्रम शाखा, विद्यालय प्रशासन शाखा र परीक्षा शाखा

३.२ कर्मचारी विवरण

कार्यालय प्रमुख (एकाइ प्रमुख)	१
शाखा अधिकृत	२
प्राविधिक सहायक	२
कार्यालय सहयोगी	२
हलुका सवारी चालक	१

४. सेवा प्रवाह विवरण

शिक्षा विकास तथा समन्वय एकाइ कास्की   नागरिक बडापत्र

क्र स	सेवाको विवरण	आवश्यक पर्ने कागजातहरु र प्रकृया	लाग्ने शुल्क
		१. प्राविधिक (सम्बन्धित स्थानीय तहका प्राविधिक समेतले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन २. वियसले खर्च अनुमोदन गरेको तथा कार्यसम्पन्न भएको निर्णय प्रतिलिपि ३. बिल भरपाइ र डोर हाँजिर फाराम ४. सम्बन्धित स्थानीय तहको योजना सम्पन्न भएको सिफारिस पत्र ५. निर्माण भएको संरचनाको स्पष्ट देखिने रंगिन फोटाहरु	

१	विद्यालयहरुको बेरुजु र फस्यौंट कार्य	६. कार्य सम्पन्न भएकाले बेरुजु फस्यौंट गर्नका लागि इकाइलाइ लेखेको विद्यालयको पत्र ७. पुस्तकालय, ICT र अन्य अनुदान सम्बन्धि बेरुजुको हकमा विव्यसको सामग्री खरिद तथा खर्च अनुमोदनको निर्णय,काम सँग सम्बन्धित सामग्रीहरुको जिन्सी अभिलेख,सामान खरिदका बीलहरु, कामसँग सम्बन्धित तस्वीरहरु र बेरुजु फस्यौंट गर्नका लागि इकाइलाई लेखेको बिद्यालयको पत्र सहित फाइल पेश गर्नु पर्ने ।	नलाग्ने
२	द्वन्दपीडित छात्रवृत्ति वितरण	१. जिल्ला प्रशासन कार्यलयबाट द्वन्दपीडित राहत प्राप्त गरेको प्रमाणको प्रतिलिपि २. बेपत्ता / घाइतेको नागरिकताको प्रतिलिपि र मृतकको हकमा मृत्युदर्ता प्रमाणको प्रतिलिपि ३. विधार्थी सँगको नाता प्रमाणित ४. सम्बन्धित स्थानीय तहको सिफारिस ५. अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस ६. सम्बन्धित विद्यार्थी र संरक्षकको छात्रवृत्ति पाउनका लागि निवेदन ७. सम्बन्धित बिधार्थी र संरक्षकको बैंक खाता नं खुलेको चेकको फोटोकपि (छात्रवृत्ति रकम कक्षा १ देखि ५ सम्म बार्षिक १२ हजार, कक्षा ६ देखि ८ सम्म बार्षिक १४ हजार , कक्षा ९ र १० का लागि बार्षिक १६ हजार र कक्षा ११ र १२ का लागि बार्षिक १८ हजारसम्म)	नलाग्ने
३	अध्यापन अनुमति पत्र वितरण	शिक्षक सेवा आयोगले तोकेको ढाँचामा निवेदन प्रवेशपत्र २ प्रति फोटो एस एल सी वा एस इ इ देखि निम्नमाध्यमिक तहका लागि भएमा प्रमाणपत्र तह वा +२ को ट्रान्सक्रिप्ट र सर्टिफिकेट , माध्यमिक तहको हकमा सम्बन्धित विषमा स्नातक वा सो सरहको ट्रान्सक्रिप्ट र सर्टिफिकेट समेत संलग्न गरी निवेदन सहित स्वयमले निवेदन दिनु पर्नेछ ।	नलाग्ने
४	शिक्षकको स्थायी नियुक्ति र बढुवा नियुक्ति	शिक्षक सेवा आयोगबाट शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत सिफारिस भइ आएका उम्मेदवारहरुलाइ स्थानीय तह छनौटका लागि ७ दिनको सूचना प्रकाशित हुने तथा सिफारिस पत्रमा तिकएका आधारहरु प्रकृया बमोजिम स्थानीय तह अन्तर्गका विद्याहरुमा पदस्थापन हुने गरी स्थायी नियुक्ति दिइने र स्थायी नियुक्ति भएका शिक्षकहरुले राष्ट्रिय कितावखाना (शिक्षक) ले तोके अनुसार सिटरोल फाराम भर्नु पर्ने २५% आन्तरिक प्रतियोगितातत्मक लिखित परीक्षा र ७५% कार्यसम्पादन मुल्यांकनको आधारमा बढुवा नियुक्तिको लागि सिफारिस भई आएका शिक्षकहरुलाइ बढुवा नियुक्ति प्रदान गरिने	नलाग्ने
६	स्थायी शिक्षकको	१. सम्बन्धित शिक्षकको राजिनामाको लागि निवेदन २. सम्बन्धित विद्यालयको सिफारिस	नलाग्ने

	राजिनामा स्वीकृत	३. स्थायी नियुक्ति तथा बढुवा नियुक्तिका प्रतिलिपि र तोकिएका कागजात सहित निवेदन दिनुपर्ने र सम्बन्धित शिक्षक सनाखतका लागि स्वयम् उपस्थिति हुनुपर्ने	
७	स्थायी शिक्षकको असाधारण बेतलवी र अध्ययन बिदा स्वीकृत	१. असाधारण र अध्ययन बिदाका लागि सम्बन्धित शिक्षकको निवेदन २. बिव्यसको निर्णय प्रतिलिपि ३. विद्यालयलको सिफारिस ४. सम्बन्धित स्थानीय तहको सिफारिस ५. अध्ययन बिदाका लागि भर्ना भई अध्ययनरत रहेको सम्बन्धित शिक्षण संस्थाको पत्र समेत संलग्न हुनुपर्ने (सेवा प्रवेशको न्यूनतम भन्दा माथिल्लो शैक्षीक योग्यताको लागि मात्र) ६. यस अगाडि यस प्रकृतिको बिदा लिएको भएमा सो को विवरण खुल्ने कागजात सहितको फाइल तयार गरी पेस गर्नुपर्ने	नलाग्ने
८	स्थायी शिक्षकको निवृत्तिभरण र उपदानको लागि सिफारिस	निवृत्तिभरण सुविधका लागि आवश्यक पर्ने पर्ने राष्ट्रिय किताबखाना (शिक्षक) ले तोकेका कागजातहरु संलग्न गरी पेश गर्नु पर्ने १. नागरिकता तथा शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपिहरु २. अध्यापन अनुमतिपत्रका तथा तालिमका प्रमाइपत्रका प्रतिलिपिहरु ३. स्थायी नियुक्तिका सिफारिस पत्र तथा स्थायी नियुक्तिपत्र, सरुवा ,रमानापत्र र हाँजिर भएका जानकारी तथथा बढुवा नियुक्तिका प्रतिलिपिहरु ४. अवकाश पत्र ५. विद्यालयले शिक्षा विकास तथा समन्वय इकाइलाइ सम्बोधन गरी सबै विवरण खुलेको सेवा प्रमाणित पत्र ६. प्रधानाध्यापकले तयार गरी सम्बनधित स्थानीय तहका शिक्षा अधिकृतबाट सिफारिस गरेको संचित बिरामफ बिदाको फाराम ७. बिरामी बिदा अभिलेख पुस्तिकाको २०७३ सालदेखि हालसम्मका वर्षको पानाको प्रमाणित प्रतिलिपि	नलाग्ने
९	शिक्षकको उपदान / बिरामी बिदा/ उपचार खर्च रकम भुक्तानी	१. रकम भुक्तानीका लागि राष्ट्रिय किताबखाना (शिक्षक) बाट प्राप्त पत्र २. पेन्सन खाता बाहेक अन्य बैंकको खाता नं खुल्ने चेकको फोटोकपि ३. स्थायी लेखा नं ४. बैंक खाता मार्फत रकम भुक्तानी गरिदिनका लागि सम्बन्धित शिक्षकको निवेदन ५. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ६. पेन्सनपट्टाको फोटोकपि	नलाग्ने
१०	स्थायी शिक्षकको	१. सरुवा भइ जाने विद्यायल तथा सम्बन्धित स्थानीय तहले सरुवा भइ आउनको लागि गरेको सूचनाको प्रतिलिपि	

	जिल्लान्तर सरुवा सहमति	२. हाल कार्यरत विद्यालय तथा सम्बन्धित स्थानीय तहले सरुवा भइ जानको लागि दिएको सहमतिपत्र ३. अनुसूची १७ बमोजिमको निवेदन ४. स्थायी नियुक्ति र पदस्थापन पत्रको प्रतिलिपि ५. सम्बन्धित शिक्षकको निवेदन	नलाग्ने
११	शिक्षक सरुवा जिल्ला भित्र र जिल्लान्तर	१. सरुवा भइ आउने विद्यायल तथा सम्वन्धित स्थानीय तहले सरुवा भइ आउनको लागि गरेको सुचनाको प्रतिलिपि २. हाल कार्यरत विद्यालय तथा सम्बन्धित स्थानीय तहले सरुवा भइ आउनको लागि दिएको शिक्षक सरुवा निर्देशका २०८१ अनुसार सिफारिस ३. अनुसूची १७ बमोजिमको निवेदन ४. स्थायी नियुक्ति र पदस्थापन पत्रको प्रतिलिप ५. सम्बन्धित शिक्षकको निवेदन ६. शिक्षा नियमावली २०५९ (दशौं संशोधन) अनुसार सरुवा हुने	नलाग्ने
१२	अन्य सिफारिस गर्ने तथा प्रमाणित गर्ने सम्बन्धित	प्रमाणित गर्नु पर्ने कामको प्रकृति अनुसार तोकिएका कागजातहरु र प्रकृया	नलाग्ने
१३	तालुक मन्त्रालय, केन्द्र, तथा निकायहरुबाट तोकिएका अन्य कार्यहरु	परिपत्र निर्देशन तथा सुचनामा तोकिए अनुसारका कागजातहरु प्रकृया	
१४	SEE को रजिष्ट्रेशन / परीक्षा आवेदन फाराम बुझाउन	१. तोकिएको प्रमाणित रजिष्ट्रेशन / आवेदन फाराम र समष्टिगत विवरण फाराम २. कक्षा ८ को प्रमाणपत्रको प्रतिलिपि ३. जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ४. सक्कल राजस्व भौचर ५. अन्य विद्यालयबाट कक्षा ८ उत्तीर्ण गरेको भएमा स्थानन्तरण प्रमाणपत्र र विदेशी मुलुकबाट कक्षा ८ उत्तीर्ण गरेको भएमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि	प्रति विद्यार्थी रजिष्ट्रेशन शुल्क रु ३०० र आवेदन शुल्क रु ५०० का दरले प नि का कक्षा १० बाट प्रकाशित सूचना अनुसार।

१५	SEE को ग्रेडसिट तथा प्रमाणपत्रमा नाम थर जन्ममिति लगायतका विवरण सच्चाउन प. नि. का. कक्षा १० सिफारिस गर्ने	प्रवेशपत्र अनुसार विवरण सच्चाउन १. सम्बन्धित विद्यालयको सिफारिश पत्र २. सक्कल प्रवेशपत्र सहित प्रवेशपत्रको प्रतिलिपि ३. ग्रेडसिट / प्रमाणपत्रको प्रतिलिपि प्रवेशपत्रमा लेखिएको विवरण नै सच्चाउनु पर्ने भएमा(नतिजा प्रकाशित भएको ६ महिना भित्र मात्र) १. सम्बन्धित विद्यालयको सिफारिश पत्र २. सक्कल प्रवेशपत्र सहित प्रवेशपत्रको प्रतिलिपि ३. ग्रेडसिट / प्रमाणपत्रको प्रतिलिपि ४. सक्कल नागरिकता / जन्मदर्ता प्रमाणपत्रको साथमा सोको प्रतिलिपि ५. सम्बन्धित स्थानीय तहको सिफारिस / प्रमाणित पत्र ४. सक्कल प्रवेशपत्र सहित प्रवेशपत्रको प्रतिलिपि ५. ग्रेडसिट / प्रमाणपत्रको प्रतिलिपि ६.	निःशुल्क
१६	रजिष्ट्रेशन / प्रवेशपत्रको प्रतिलिपि लिन	१. विद्यालयको सिफारिस पत्र २. प्रधानाध्यापकले प्रमाणित गरेको तथा विद्यार्थिको विवरण भरि फोटो टाँस भएको रजिष्ट्रेशन / आवेदन फाराम ३. सक्कल राजस्व भौचर	रु ५०
१७	सामुदायिक/ संस्थागत /गुठी विद्यालय प्रमाणिकरण	सो विद्यालयमा अध्ययन गरेको खुल्ने कुनै कागजात वा ग्रेडसिट	निःशुल्क
१८	प्रमाणपत्रको पछाडि छाप लगाउने (विद्यालय प्रमाणित)	विद्यालयबाट प्रमाणित भइ आएको सक्कल ग्रेडिसिट / प्रमाणपत्र (कक्षा ९ सम्मको लागि मात्र)	४००
१९	कक्षा ८ को ग्रेडसिट / ग्रेडसिटको प्रतिलिपि लिन	सम्बन्धित विद्यालयको विवरण खुलेको सिफारिश पत्र	३००
२०	कक्षा ८ को मार्कसिट /	१. सम्बन्धित विद्यालयको सिफारिस पत्र २. सक्कल मार्कसिट / ग्रेडसिट	३००

	ग्रेडसिटमा नामथर (हिज्जे) सच्चाउन	३. नागरिकता /जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ४. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र	
२१	शिक्षक सेवा आयोगद्वारा कास्की परीक्षा केन्द्र कायम गरेका विभिन्न परीक्षाहरु तथा बढुवा आवेदनहरु सम्बन्धि	१ माध्यमिक र आधारभूत तहका स्थायी अध्यापन अनुमतिपत्रका परीक्षाहरु २ प्राथमिक निम्नमाध्यमिक र माध्यमिक तहका २५% आन्तरिक प्रतियोगितात्मक परीक्षाहरु ३ प्राथमिक निम्नमाध्यमिक र माध्यमिक तहका सामान्य परीक्षाहरु ४ प्राथमिक निम्नमाध्यमिक र माध्यमिक तहका विषयगत परीक्षाहरु ५ प्राथमिक तहको अन्तर्वार्ता संचालन ६ प्राथमिक निम्नमाध्यमिक र माध्यमिक तहका ७५% कार्यसम्पादनका आधारमा हुने बढुवा हुने आवेदनहरु संकलन गरी बढुवा समितिको सचिवालय शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशमा पठाउने	

५. निर्णय प्रक्रिया तथा निर्णय गर्ने अधिकारी

- एकाइ प्रमुखको नेतृत्वमा निर्णय प्रक्रिया
- शाखा अधिकृतबाट सिफारिश
- शाखाबाट टिप्पणी उठान
- नीतिगत निर्णय संघीय निर्देशन अनुसार

६. ऐन, नियम, निर्देशिका तथा मापदण्ड

- सूचनाको हक ऐन, २०६४
- शिक्षा ऐन २०२८ (संशोधन सहित)
- शिक्षा नियमावली २०५९ (संशोधन सहित)
- शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित)
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५
- अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७
- कार्यक्रम कार्यक्रम कार्यविधि २०८३।०८४
- आर्थिक प्रशासन सम्वन्धि नियमावली
- आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७
- संघीय शिक्षा नीतिहरू

७. सम्पादन गरिएका कार्यक्रम विवरण (चालु त्रैमासिक)

- शैक्षिक सत्र २०८२ का प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका ११६४ शिक्षकहरुको कार्यसम्पादन मूल्यांकन फारामहरु पुनरावलोकन गरी सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय शिक्षा महाशाखा बढुवा समितिको सचिवालयमा पठाइएको
- कास्की जिल्ला अन्तर्गत कायम भएका कक्षा १२ को पूरक ग्रेडवृद्धि मौका परीक्षा ८ वटा परीक्षा केन्द्रहरुमा परीक्षा संचालनको व्यवस्थापन तथा परीक्षा अनुगमन गरिएको ।
- स्थायी पदपूर्तिका लागि खुल्ला तथा बढुवाका लागि रिक्त दरबन्दीको विवरण शिक्षा विभागमा पठाइएको ।
- पालिका अन्तर्गतका शिक्षा महाशाखा / शिक्षा युवा तथा खेलकुद शाखाहरुको बैठक बसी आ. व. २०८२।०८३ को समिक्षा तथा आ व २०८३।०८४ को कार्यक्रमहरुको योजना निमार्ण गरिएको ।
- शिक्षा विकास तथा समन्वय एकाइबाट आ व २०८३।०८४ सम्पादन गरिने विस्तृत कार्ययोजना निर्माण गरिएको ।
- जिन्सी निरीक्षण प्रतिवेदन तयार गरिएको ।
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार यस एकाइको आ व २०८२।०८३ को जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सम्पत्ति तथा जिन्सी मालसामानहरु लिलामको प्रकृया अगाडि बढाइएको ।
- त्यस्तै २०८२ साल भाद्र २३ र २४ गते भएको GEN-Z आन्दोलनको क्रममा यस शिक्षा विकास तथा समन्वय एकाइको भवन आगजनीमा परी ध्वस्त भएको र आगलागीबाट बचेका भौतिक सम्पत्तिहरुको अवशेषहरु लिलामको प्रकृया अगाडि बढाइएको ।
- जिल्ला शिक्षा समिति कास्कीको बैठक बसी गत आ. व.को विविध कोषबाट गरिएको खर्च लाई अनुमोदन र चालु आ. व. २०८३।०८४ को प्रस्तावित आयव्यय सम्बन्धि विवरण तयार गरी समितिबाट निर्णय गरिएको
- आ व २०८२।०८३ को आन्तरिक लेखा परीक्षण र अन्तिम लेखापरीक्षण कार्य सम्पन्न गरिएको ।
- साविकको जिल्ला शिक्षा कार्यालयबाट विद्यालयको विभिन्न शीर्षकमा विद्यालयमा उपलब्ध गराइएको निकासमा अन्तिम लेखा परीक्षणबाट औंल्याइएको पेश्की रकम फर्स्यौटका लागि पत्राचार गरी प्राप्त हुन आएका फाइलहरुलाइ पेश्की फर्स्यौटका लागि महालेखा परिक्षकको कार्यालयमा पठाउने कार्य भइरहेको ।
- साविकको जिल्ला शिक्षा कार्यालयमा कार्यरत कर्मचारीहरुको अन्तिम लेखापरीक्षणबाट औंल्याइएका असुल उपर गर्नुपर्ने रकमको सन्दर्भमा सम्बन्धित कर्मचारीहरुलाइ पत्राचार गरी रकम दाखिला गर्न लगाई महालेखा परीक्षकको कार्यालयमा पेश गरी लगत कट्टा गर्नको लागि अभिलेख तयार गरिएको ।
- आ व २०८३।०८४ मा स्थानीय तहमा वित्तिय हस्तान्तरण भई आएका सशर्तका कार्यक्रम सञ्चालन गर्नको लागि स्थानीय तहका शिक्षा शाखाका प्रमुख तथा सामाजिक विकास समितिका संयोजकहरुलाइ २ दिनको अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।
- आधारभूत तह कक्षा १- ३ मा अध्यापन गराउने २९ जना शिक्षकहरुलाइ ५ दिवसिय एकिकृत पाठ्यक्रम सम्बन्धि कष्टमाइज्ज तालिम संचालन गरिएको ।

- पोखरा महानरपालिकाको समन्वयमा विषय विज्ञ सहितको टोलीबाट पोखरा महानगरपालिका वडा नं २८ का २ वटा विद्यालय (श्री जनज्योति मा वि कालिका र श्री रत्नशोभा मा वि माझठाना)मा विद्यालय सुपरीवेक्षण तथा पेशागत सहयोग उपलब्ध गराइएको ।
- खरिद एकाइ गठन गरि खरिद योजना निर्माण गरिएको ।
- शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरबाट मिति २०८३ साल मंसीर १२ गते संचालन हुने निम्नमाध्यमिक तह तृतीय श्रेणी लिखित प्रतियोगितात्मक लिखित परीक्षाको लागि ५४ वटा परीक्षा केन्द्रहरु कायम गरी पठाइएको ।
- सामुदायिक सिकाइ केन्द्रका २७ जना परिचालकहरुको लागि २ दिने क्षमता विकास तालिम संचालन गरिएको
- स्थानीय तह अन्तर्गतका शिक्षा महाशाखा / शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखहरुसँग नियमित बैठक बसी शैक्षिक कृयाकलापहरु सञ्चालन गर्न समन्वय र सहजीकरण गरिएको ।
- शिक्षक सेवा आयोगबाट २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बढुवा नियुक्तिको लागि सिफारिस भइ आएका नि मा वि द्वितिय श्रेणीको १ जना प्राथमिक प्रथम श्रेणीको १ र प्राथमिक द्वितिय तर्फका ४ जना शिक्षकहरुलाइ बढुवा नियुक्ति दिईएको ।
- पालिकास्तरमा आयोजना हुने गरेका प्रधानाध्यापकहरुको बैठकमा सहभागी भइ शैक्षिक नीति तथा कार्यक्रमहरुबारे जानकारी गराइ समयमै योजना अनुसारका कार्यक्रमहरु सञ्चालन गर्न निर्देशन गरिएको साथै विद्यालयहरुमा महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षणको क्रममा औंल्याएका पेश्की बेरुजु तथा असुल उपर गर्ने बेरुजुहरुको विवरण समेत उपलब्ध गराइ तत्काले आवश्यक कागजातहरु समेत समावेश गरी पेश्की फर्स्यौट गर्नका लागि समेत निर्देशन दिने गरिएको ।
- शिक्षा तथा खेलकुद मन्त्रालयको च न ६८४ मिति २०८३।०६।२३ को पत्रानुसार एकाइ प्रमुखको संयोजकत्वमा पोखरा २८ स्थित श्री कालिका बोर्डिङ स्कूल मिति २०८३।०६।२२ मा भएको बस बस दुर्घटनाको छानबिन गर्न गठित समितिले सो दुर्घटना सम्बन्धमा छानबीन गरी मिति २०८३।०६।२९ मा प्रतिवेदन मन्त्रालयका सचिव समक्ष पेश गरिएको ।
- शिक्षा तथा खेलकुद मन्त्रालयले सञ्चालन गरेका प्रदेशस्तरीय शैक्षिक सम्वाद १ र २ मा समन्वय सहजीकरण गरिएको ।

८. सूचना अधिकारीको विवरण

नामः टंकराज बराल
पदः शाखा अधिकृत
सम्पर्कः ९८५६००९९९२

इमेलः baraltank@gmail.com

विकास तथा समन्वय एकाइ
कास्की, नेपाल

९. गुनासो तथा सुझाव व्यवस्थापन

- गुनासो दर्ता पुस्तिका/इमेल/अनलाइन माध्यम
- गुनासो समाधान प्रक्रिया प्रचलित कानुन अनुसार

१०. आम्दानी र खर्चको आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण

(२०८३ श्रावण १ गतेदेखि २०८३ असोज मसान्तसम्म)

जम्मा राजस्व: रु ९,३७,८६७ कोष तथा लेखा नियन्त्रक कार्यालयमा भौचर प्राप्त भए अनुसार

जम्मा विनियोजित पुजिगत तर्फ रु ३,९०,००० र खर्च रु २२,६००

खर्च प्रतिशत कुल रकमको (५.७९ प्रतिशत)

जम्मा विनियोजित चालुतर्फ रु १,१७,१३,०५० खर्च २५,५८,९९५

खर्च प्रतिशत कुल रकमको (२१.८४ प्रतिशत)

जम्मा बेरुजु रु ३७५३४२९४८.२७

विगतका वर्षहरु देखि नै बेरुजु कायम रहेको (साविकको जिल्ला शिक्षा कार्यालयको) एकाइ भइसकेपछिको कुनै बेरुजु रकम नरहेको ।

यस आ व को पहिलो त्रैमासिकमा महालेखा परीक्षकको कार्यालयबाट रु ३,०८,२०,००० सम्परीक्षण भएको र सम्परीक्षणका लागि रु ३,४४,८६,२०५ का फाइलहरु पेश भएको ।

प्रमाणित गर्ने:
एकाइ प्रमुख
विकास तथा समन्वय एकाइ, कास्की

लोकनाथ आचार्य
एकाइ प्रमुख (उपसचिव)